'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ८६ | शुक्रवार ०७ मंसिर, २०८१ | 22 (Friday) November 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

### नौबस्ता औद्योगिक क्षेत्रको निर्माण कार्यमा सहजता

## भूमिआयोग मार्फत स्थानीयलाई जग्गा उपलब्ध गराइने सहमती

■ नमस्ते समचारदाता

बाँके, मंसिर/०६

औद्योगिक क्षेत्र आसपासको मानव बस्तीका कारण निर्माण कार्यमा लामो समयदेखि व्यवधान रहँदै आएको नौबस्ता औद्योगिक क्षेत्रको निर्माण कार्य अब शुरु हुने भएको छ। औद्योगिक क्षेत्र बनाउने भनिएको जग्गा आसपास भएको मानव बस्ती ब्यवस्थापनको बाटो खुलेसँगै बाँकेको बैजनाथमा निर्माण हुन लागेको लुम्बिनी प्रदेश स्तरको ''नौवस्ता औद्योगिक क्षेत्र'' को काम शुरु हुने निश्चित भएको हो। त्यहाँ रहेको मानव बस्तीलाई ब्यवस्थापन गरेर औद्योगिक क्षेत्र निर्माणका लागि पुनः नक्सांकन गरिएकोमा कुल ३ सय ३८ विघा जमिनमध्ये भोग चलन गरिरहेका स्थानीयलाई ५५.६ विघा जग्गा उपलब्ध गराइने भएको हो। स्थानीय बासिन्दालाई जग्गा उपलब्ध गराए औद्योगिक क्षेत्र निर्माणको काम अगाडि बढाउनमा यसअघि स्थानीय सरकार, संघ र प्रदेशका सांसद, स्थानीय जनप्रतिनिधि, राजनीतिक दल, औद्योगिक क्षेत्र ब्यवस्थापन लिमिटेड सहितको बिचमा सम्वाद तथा अन्तरक्रिया गरी सहमत भएको थियो। स्थानीयहरुलाई जग्गा उपलब्ध गराउनका लागि छुट्याइएको ५५ बिघा ६ का जग्गा राष्ट्रिय भूमी आयोगको नाममा लैजान क्याबिनेट बैठकमा प्रस्ताव लगिने भएको छ। मन्त्री परिषदको निर्णयपछि आयोगले नौवस्ता औद्योगिक क्षेत्र आसपासका स्थानीयलाई जग्गा प्रदान गर्नेछ। बैजनाथ गाउँपालिका अध्यक्ष प्रकाशबहादुर शाहीले बस्ती ब्यवस्थापनको बाटो खुलेसँगै नौवस्ता औद्योगिक क्षेत्र को काममा सहजता आएको बताए। निर्माणाधिन औद्योगिक क्षेत्रमा रहेको जग्गा मध्ये सशस्त्र प्रहरी बल नौवस्तालाई २० विघा र क्षेत्रीय कारागारलाई १० विघा जग्गा छुट्याइएको छ। 'मानव बस्ती ब्यवस्थापन हुन नसक्दा औद्योगिक क्षेत्र निर्माणको कामले गति लिन नसकिरहेको अवस्थामा अब चाडै काम अगाडि बढ्ने हामीलाई विश्वास छ,' शाहीले भने। साविकको क्षेत्रफल घटेपछि नौवस्ता औद्योगिक क्षेत्रको नाममा अब २ सय ५३ विघा जग्गा कायम हुने भएको छ। बैजनाथ गाउँपालिका वडा नम्बर ३ का वडाअध्यक्ष निखिल बैगारले अब चाडै नै बस्तीको नक्सांकन कायम गरेर बाटो निकाल्ने बताए। उनले भने, 'स्थानीय बासिन्दाका लागि छुट्याएको जग्गाको विषयमा नेपाल सरकारको क्याबिनेट बैठकले निर्णय गर्छ, त्यसपछि राष्ट्रिय भूमी आयोगमार्फत जग्गा हस्तान्तरण गरिन्छ।' औद्योगिक क्षेत्र ब्यवस्थापन लिमिटेडले गतवर्ष ड्रोनमार्फत र स्थलगत रुपमा पुनः नक्सांकन गरेको थियो। औद्योगिक क्षेत्र निर्माण स्थलको पुनः नक्सांकन भएपनि निर्माणको काम अगाडि बढ्न सकेको थिएन। वडाअध्यक्ष बैगारले औद्योगिक क्षेत्र निर्माणको काम अगाडि बढाउनमा कुनै किसिमको बाधा, ब्यवधान अब नभएको बताए। 'हाम्रोतर्फबाट गर्नुपर्ने सहजीकरणको काम गरिरहेका छौं, स्थानीय बासिन्दा, क्षेत्रीय कारागार, सशस्त्र प्रहरी क्याम्प र औद्योगिक क्षेत्रको जग्गा छुट्याएर नयाँ नक्सांकन गरिसकेपछि अब त्यसलाई सरकारले आवश्यक निर्णय गरेर बैधानिकता दिनुपर्छ,' उनले थपे।




बाँकी ३ पेजमा...

## माछा उत्पादन वर्षेनि बढ्दै

■ नमस्ते समचारदाता

दाङ, मंसिर/०६



दाङमा माछा उत्पादन वर्षेनि बढ्दै गइरहेको छ। किसानले वर्षेनि उत्पादन बढाउन थालेपछि दाङ माछामा आत्म निर्भर बन्न थालेको भेटेरनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र घोराही दाङले जनाएको हो। अहिले दाङमा उत्पादन भएका माछा निर्यात भइरहेको तथा कम मात्रै आयात गर्नुपरेको भेटेरनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका मत्स्य अधिकृत प्रेमकुमार चौधरीले बताए। दाङमा व्यावसायिक रुपमा २० करोड बढीको लागतमा माछा उत्पादन भएको उनको भनाइ छ। 'खपत र आयातको अवस्था तथा निर्यातको अवस्थालाई हेर्दा दाङ माछामा आत्मनिर्भर भएको देखिन्छ'-उन भने, '१२ महिनामा जाडोको एक महिना भने बढी उत्पादन हुँदा मूल्य कम हुने भएकोले किसान तथा व्यापारीले बाहिरबाट ल्याएर बेच्ने गरेको पनि पाइएको छ।' पशु स्वास्थ्य ऐन २०५५ र नियमावली २०५६ ले २०७७ को संशोधन अनुसार कानुनतः अवैध मानेको मंगुर माछा भने दाङमा देखिन छाडेको पनि उनी बताउँछन्। उनका अनुसार दाङमा सबैभन्दा धेरै रहु र नैनी जातको माछा उत्पादन हुन्छ भने त्यसपछि बैखा जातको माछा उत्पादन हुन्छ। कार्प जातिको ग्रास, कमन, सिल्भर लगायतका जात पनि उत्पादन हुँदै आएको छ। निल टिलापिया जातको माछाको पनि फाटफुट उत्पादन भइरहेको भेटेरनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र दाङले जनाएको छ। माछापालन गर्न दोमट, चिम्टाइलो माटो उपयुक्त हुन्छ र सिमसार क्षेत्रमा पनि माछापालन राम्रो हुन्छ। दाङमा घोराहीको ५, १७, १६, १२ र ९ नम्बर वडा, तुलसीपुरको १०, १२, १४, १५ र १७ नम्बर वडा, दंगीशरणको ३ र ४ नम्बर वडा, लमहीको ३, ४, ५, ६ र ७ नम्बर वडा र गढवाको ३ र ४ नम्बर वडामा व्यावसायिक रुपमा माछापालन भइरहेको छ। माछा उत्पादनको हिसावले मधेश प्रदेशपछि धेरै उत्पादन हुनेमा लुम्बिनी पर्छ। लुम्बिनीका १२ जिल्लामा पनि दाङ जिल्ला रुपन्देही, कपिलवस्तु, बर्दिया र बाँकेपछि पाँचौं नम्बरमा पर्छ। भेटेरनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र दाङले जिल्लाका १० वटै पालिकामा माछा पालन भइरहेको जनाएको छ। गत आर्थिक वर्षको रेकर्ड अनुसार सबै भन्दा धेरै लमही नगरपालिकामा माछा उत्पादन भएको छ। लमही नगरपालिकामा ५५ कृषक व्यावसायिक माछा पालनमा छन्। माछा पालन गर्ने एक सय ४९ पोखरी छन् भने गत आर्थिक वर्षमा एक सय ७१ दशमलव पाँच सय ४४ मेट्रिक टन माछा उत्पादन भएको थियो। घोराही उपमहानगरपालिकामा ५१ कृषक व्यावसायिक माछापालनमा छन्।

बाँकी ३ पेजमा...

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८७७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

## सडकको स्तरोन्नतीका लागि शहरी विकास मन्त्रालयमा सम्झौता

■ नमस्ते समचारदाता

काठमाडौं, मंसिर/०६



अदानचुली गाउँपालिका, शहरी विकास मन्त्रालय, विश्व बैंक र कर्णाली प्रदेशको भौतिक मन्त्रालय बिच सडकको स्तरोन्नती र कालो पत्रे गर्ने कार्यका लागि एमओयु सम्झौता भएको छ। बिहीबार काठमाडौँमा अदानचुली गाउँपालिकाका अध्यक्ष मोहन बिक्रम सिंह र संघिय सरकारका शहरी बिकास मन्त्री प्रकाशमान सिंहको उपस्थितमा हस्ताक्षर गर्ने कार्य सम्पन्न भएको हो। हुम्ला जिल्लाको गल्वागार्ड देखि अदानचुली गाउँपालिका केन्द्र श्रीनगरसम्मको सडकको स्तरोन्नती र कालो पत्रे कार्य गर्नका लागि तयार पारिएको एमओयुमा सम्झौतमा हस्ताक्षर गर्ने कार्य भएको गाउँपालिका अध्यक्ष सिंहले बताए। सम्झौता गर्ने कार्य पुरा भएकोले अब चाँडै सडकको निर्माण कार्य अगाडि बढ्ने उनले बताए। सोही कार्यका लागि अध्यक्ष सिंह जिल्लाबाट काठमाडौं गएका थिए। गल्फागार्डबाट श्रीनगरसम्मको सडकको लम्बाई नौ दशमलव ९९६ किलो मिटर रहेको छ। अध्यक्ष सिंहले भने, 'यसका लागि लागत इष्टिमेट तयार गर्ने कार्य भईरहेको छ, पचास करोड भन्दा बढी लागत लाग्ने अनूमान गरिएको छ। अब चाँडै टेण्डर समेत आव्हान हुने भएको छ। हामीलाई आर्थिक श्रोतको सुनिश्चितता चाहिएको थियो। त्यो काम भएको छ।'

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## गणतन्त्र र शान्ति प्रक्रिया

नेपालको लोकतान्त्रिक गणतन्त्र र शान्ति प्रक्रियाको एक अर्कामा अन्योन्याश्रित सम्बन्ध रहेको छ । २०४६ सालको परिवर्तनले नेपाललाई संवैधानिक राजतन्त्र सहितको बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा पुनर्स्थापना त गऱ्यो । तर त्यसका सिमित अधिकारहरु प्रयोग गरेर तत्कालिन राज्य सञ्चालकहरुले विपक्षीहरु माथि शक्ति र शासनको डण्डा चलाउन थाले । त्यसको प्रतिरोध शुरु हुन थाल्यो । बहुदलीय प्रजातन्त्रमा रमाएका दलहरुमा पनि राज्य सञ्चालन गर्ने क्रममा तित्तता शुरु हुँदा राजदरबार हत्याकाण्ड भयो । दरबारमा सेनाका पहरा भित्र रहेका राजा र उनको परिवारका सबै सदस्यको रहस्यमय हत्या भयो । तत्पश्चात ज्ञानेन्द्र शाह नयाँ राजा घोषित भए । ज्ञानेन्द्र शाह राजा भए सँगै बहुदलीय प्रजातन्त्रका अधिकारहरु खोसे र आफ्नै निरंकुशता लादे । निर्वाचित सरकारलाई असक्षम भन्दै आफू नै प्रत्यक्ष सरकारको नेतृत्व गर्न थाले । बल्ल संसदीय राजनीतिक दलहरुको आँखा खुल्यो र उनीहरु बाध्य भएर सिङ्गो संसदीय व्यवस्थाकै विरुद्ध सशस्त्र युद्ध गरिरहेको माओवादी सँग नेपालबाट राजतन्त्र नै उल्मुलन गर्ने सहमती सहितको १२ बुँदे समझदारी गर्न पुगे । त्यो समझदारी पश्चात नेपालमा सशस्त्र जनयुद्ध र जनआन्दोलनको संयोजन भई आन्दोलनले सफलता प्राप्त गऱ्यो । त्यो आन्दोलनको परिणामले दश वर्ष सम्म सशस्त्र युद्ध गरिरहेको माओवादीलाई शान्ति प्रक्रियामा ल्यायो । सात संसदवादी दलहरु र तत्कालिन विद्रोही पक्ष माओवादीको बिच २०६३ मंसीर ५ गते नेपालमा ऐतिहासिक शान्ति सम्झौता भयो । त्यस्लाई "बिस्तृत शान्ति सम्झौता" भनियो । यही शान्ति सम्झौताले नै सशस्त्र युद्ध र हतियार सहितका माओवादी लडाकुहरुको व्यवस्थापन गऱ्यो । त्यस्को व्यवस्थापन सँग नेपालमा संविधानसभाको निर्वाचन भयो र माओवादीहरुलाई शान्तिपूर्ण राजनीतिको बाटोमा ल्यायो । संविधानसभाको पहिलो बैठकले नेपाललाई गणतान्त्रिक राज्यमा रुपान्तरण गरेको घोषणा गऱ्यो । त्यसैले नेपालमा गणतन्त्र र शान्ति सम्झौताको अन्योन्याश्रित सम्बन्ध रहेको छ । शान्ति सम्झौतामा उल्लेख गरिएका सहमतीहरु सबैले इमानदारीता पूर्वक पालन गर्नु आवश्यक छ ।

जनहितमा जारी सन्देश


- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालीकोट

# हिमालसँग जोडिएको पृथ्वीको भविष्य

**भानु पराजुली**

विकास र समृद्धिका नाममा भएका अप्राकृतिक कर्मले पृथ्वीको जलवायु अभ्यासमा प्रतिकूलता आउँदै गएको छ । जलवायु परिवर्तन अब केवल पर्यावरणीय सङ्कट मात्र होइन, यो मानव सभ्यताको अस्तित्वका लागि खतरा बनिसकेको भन्दै अजरबैजानको बाकुमा जारी कोप-२९ सम्मेलनमा अति कम विकसित र विकासोन्मुख मुलुकले आवाज उठाएका छन् । उनीहरूले औद्योगिक राष्ट्रहरूको कार्बन उत्सर्जनका कारण वातावरणीय समस्या आएको भन्दै जलवायु न्यायको माग गरेका छन् । नेपाल र अन्य वातावरणीय चुनौती भोगिरहेका मुलुकले जलवायु परिवर्तनको असरलाई न्यूनीकरण र अनुकूलनका लागि पर्याप्त वित्तीय र प्राविधिक सहयोगको आवश्यकतामा जोड दिएका छन् । सम्मेलनमा नेताहरूले जलवायु परिवर्तनका बहुआयामिक असर कम गर्न र कमजोर मुलुकलाई सहयोग पुऱ्याउन सहकार्य र जलवायु वित्त व्यवस्थापनमा जोड दिएका छन् । हिमाली र टापु राष्ट्रहरूका नेताले आफूहरूले कुनै भूमिका नगरे पनि अन्य मुलुकको उत्सर्जनका कारण उनीहरू प्रभावित भएको भन्दै क्षतिपूर्ति माग गरेका छन् । नेपालका राष्ट्रपति रामचन्द्र पौडेल पर्वतीय र सामुद्रिक मुलुकहरूलाई मिलेर साझा कार्यक्रम र सहकार्य गर्न आह्वान गरी नेपाल फर्किसक्नुभएको छ । नेपालले पर्वतीय क्षेत्रको जोखिमका विषयमा हिमालको हिउँ पग्लिनु र हिमताल विस्फोटको खतरा, वैश्विक समुदायको ध्यान आकर्षित गर्ने प्रयास 'ब्लु जोन' र 'ग्रिन जोन' मा उठाइरहेको छ । राष्ट्रपति पौडेलले नेपालमा जलवायु परिवर्तनका कारण हालै पाँच सयभन्दा बढी व्यक्तिले ज्यान गुमाएका र ठुलो आर्थिक हानि भएको बताउनुभयो । नेपालको पर्वतीय मुद्दालाई उच्च प्राथमिकतामा राखेर कोप-२९ मा नेपालले प्रभावकारी रूपमा आफ्ना मुद्दा राख्न सकेको कुरा आइरहेको छ । कोप-२९ सम्मेलनमा 'ब्लु जोन' र 'ग्रिन जोन' का बिच जलवायु परिवर्तन र त्यसका असरको समाधानका लागि गहिरो छलफल हुनु पनि सकारात्मक हो । यसको प्रभाव सबै देशमा गम्भीर र दूरगामी देखिन्छ । नेपाल जस्तो विकासशील देशमा त यसको असर अझ गहिरो र चिन्ताजनक बनेको छ । विशेष गरी जलवायु परिवर्तनको समस्या समाधान र न्यायका उपायमा जलवायु वित्तको भूमिका महत्वपूर्ण छ । यो समस्या समाधानमा मात्र सीमित नरही यसका प्रभावलाई विवेकपूर्ण र समानतापूर्वक सम्बोधन समेत गर्नुपर्ने छ ।




### सुन्दरतामाथिको सङ्कट

नेपालको सुन्दर भौगोलिक संरचना, प्राकृतिक छटा तथा विविधतामाथि जलवायु परिवर्तनको असर गहिरो गरी परेको छ । यहाँका हिमनदी तीव्र गतिमा पग्लिरहेको छ भने अनियमित वर्षा र मौसमको परिवर्तनले पनि जीवनको आधारभूत संरचनामा विकृति ल्याएको छ । नेपालका उच्च हिमाली क्षेत्रबाट तापक्रमको वृद्धिले बाढी र पहिरोको घटनालाई तीव्र बनाएको छ । यसले लाखौँ मानिसको जीविका र सुरक्षा जोखिममा पारेको छ । विशेष गरी तराई क्षेत्रमा बारम्बार आउने बाढी र सुक्खा समस्याले कृषिमा ठुलो गिरावट ल्याएको छ भने नेपालको अर्थतन्त्रको मेरुदण्ड रहेको कृषि पनि अब जलवायु महासङ्कटमा पर्न थालेको छ ।

### कृषि र खाद्य सङ्कट

नेपालको कृषि क्षेत्रमा जलवायु परिवर्तनले खाद्यान्न उत्पादनमा ठुलो गिरावट ल्याएको छ । धान, मकै, गहुँ जस्ता प्रमुख बालीमा कमी आएको छ । यसले खाद्य सुरक्षामा गम्भीर समस्या ल्याएको छ । जलवायु परिवर्तनका कारण असामान्य मौसमी परिवर्तन र बाढीका कारण किसानका बाली नष्ट भएका छन् । यसले खाद्य सङ्कट उत्पन्न गरेको छ । ५५ प्रतिशत किसान परिवार अहिले खाद्य अभावको सामना गर्दै छन् । यस्तो अवस्थामा जलवायु वित्तीय स्रोतहरूको प्रभावकारी उपयोग हुन सके दिगो तथा जलवायुमैत्री कृषि अभ्यास र खाद्य सुरक्षा सुधारमा मद्दत गर्न सक्छ तर यसको नोक्सानीको मूल्याङ्कन र आकलन गरी प्रमाण जुटाएर अन्तर्राष्ट्रिय न्यायिक मञ्चमा स्पष्ट रूपमा राख्न सक्नुपर्ने हुन्छ ।

### पर्यटन र जैविक विविधता सङ्कट

विदेशी मुद्रा आर्जनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको नेपालको पर्यटन क्षेत्र पनि जलवायु परिवर्तनको चपेटामा परेको छ । हिमालयका हिमनदीहरू पग्लिनु र जैविक विविधताको ह्रासले साहसिक पर्यटन र ग्रामीण पर्यटनमा ठुलो असर पारेको छ । पर्यटकीय गन्तव्य जस्तै सगरमाथा राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्जमा जैविक विविधता पनि सङ्कटमा पर्न थालेका छन् । यसले स्थानीय समुदायको आम्दानी र उनीहरूको सामाजिक स्थिति पनि सङ्कटमा पारेको छ । यहाँ पनि जलवायु वित्तको योगदान आवश्यक छ, जसले जैविक विविधता संरक्षण र हरित पर्यटनको प्रवर्धनमा सहयोग पुऱ्याउन सक्छ । यहाँ पनि 'इभिडेन्स' का कुरामा प्रस्ट भने हुनै पर्छ । कसैले सित्तैमा दिँदैन, माग दाबी गर्न आफ्नो घरलाई 'इन्ट्याक' राख्न पनि जान्नु पर्छ । जसले दुख भोग्छ, उसले सिक्छ र बुझ्छ भन्छन् ।

### स्वास्थ्य क्षेत्र र सामाजिक असमानता

स्वास्थ्य क्षेत्रमा पनि जलवायुको गम्भीर असर परेको छ । गर्मी र वर्षा असमान हुँदा कुपोषण र पानीको कमी जस्ता स्वास्थ्य समस्या बढिरहेका छन् । गरिबी र असमानताले विशेष गरी महिला र बालबालिकाको स्वास्थ्यमा सङ्कट ल्याएको छ । गर्भवती र सुत्केरी महिलालाई स्वास्थ्य सेवाको पहुँचमा कठिनाइ भइरहेको छ । यस्तो अवस्थामा जलवायु न्याय र समानताको अवधारणाले विशेष प्राथमिकता दिनुपर्ने छ, जहाँ सामाजिक रूपमा कमजोर वर्गलाई स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्नुपर्ने हुन्छ ।

### कोप-२९ मा नेपालको भूमिका र चुनौती

अजरबैजानको बाकुमा आयोजित कोप-२९ सम्मेलनमा नेपालले जलवायु परिवर्तनको चुनौतीलाई गम्भीरतासाथ लिइरहेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले सम्मेलनमा साना हिमालय राष्ट्रहरूको विशेष अवस्थालाई प्राथमिकता दिनुपर्ने विषय उठाउनुभएको छ । उहाँले 'लस एन्ड ड्यामेज फन्ड' को व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्नका लागि विकसित राष्ट्रहरूको ऐतिहासिक जिम्मेवारीको स्वीकारोक्ति माग्नुभयो । नेपालले जलवायु न्याय र समानताको पक्षमा आवाज उठाउँदै आएको छ तर यसले प्रमुख चुनौती सामना गर्दै आएको छ । जलवायु वित्तको असमान वितरण र अपारदर्शिता जस्ता विषय प्रमुख समस्याका रूपमा हुन सक्छन् ।

### जलवायु वित्तको महत्व

जलवायु वित्त भनेको विकासशील देशलाई जलवायु परिवर्तनसँग जुध्नका लागि आवश्यक स्रोत र सहयोग उपलब्ध गराउनु हो । जलवायु वित्तीय स्रोतहरूको वितरण असमान छ । यसको कार्यान्वयन प्रक्रिया झन्झटिलो भएको भन्दै यसपालि बाकुमा आवाज उठिरहेको पनि छ । जलवायु वित्तले मात्र समस्याको समाधान गर्न सक्दैन । यसका लागि दिगो र समावेशी रणनीति आवश्यक छन् । जलवायु वित्तको प्रभावकारी उपयोग गर्न पारदर्शिता र जनसहभागितामा जोड दिनु पर्छ ।

### जलवायु न्याय र नीति एवं अन्तर्राष्ट्रिय सहयोग

नेपालले जलवायु परिवर्तनको समाधानका लागि विभिन्न रणनीति अपनाउन आवश्यक छ । दिगो कृषि अभ्यासको प्रवर्धन, जैविक विविधताको संरक्षण र जलवायु अनुकूलनका कार्यक्रम महत्वपूर्ण छन् । स्वास्थ्य क्षेत्रमा विशेष ध्यान दिँदै कुपोषण र स्वास्थ्य समस्या समाधानका लागि सरकारले स्थायी कार्यक्रम सञ्चालन गर्नु पर्छ । १६ औँ योजना, प्रमुख राष्ट्रिय कार्यक्रम एवं गौरवका योजनाको पनि जलवायुमैत्री अर्थात् प्रकृतिमैत्री विकासको विधि तथा रणनीति अपनाउँदै जलवायु वित्तको समुचित उपयोग गर्न समुदायमा आधारित योजना कार्यान्वयन गर्न जरुरी छ । पहिला जलवायु वित्तमा न्यायोचित अधिकार स्थापित गर्नु पर्छ भने उपलब्ध सहायताको समुचित उपयोग गर्न सुशासन र आर्थिक अनुशासन पनि उत्तिकै आवश्यक छ । भ्रष्टाचार, कुशासन र दण्डहीनताको पगरी गुथिरहेको नेपालका शासकले यो विषयलाई गम्भीर रूपमा लिन आवश्यक छ । नेपाल जस्ता साना मुलुकको हित सुनिश्चित गर्न अन्तर्राष्ट्रिय सहयोग अपरिहार्य छ । जलवायु न्यायको सिद्धान्तलाई ध्यानमा राखेर विकसित राष्ट्रहरूले जलवायु वित्तको स्रोतलाई न्यायपूर्ण र पारदर्शी बनाउनु आवश्यक छ । जलवायु परिवर्तनका प्रभावले सबैलाई समान रूपमा असर गरेको छैन । यसको समाधानका लागि सबैलाई समान अवसर उपलब्ध गराउनु अत्यावश्यक छ । अन्त्यमा जलवायु परिवर्तनका समस्या हल गर्न केवल सरकार र अन्तर्राष्ट्रिय संस्थाले मात्र होइन, प्रत्येक नागरिकले आफ्नो जिम्मेवारी निर्वाह गर्नु पर्छ । जलवायु न्याय र समानता सुनिश्चित गर्ने लक्ष्यमा आमनागरिकको सहभागिता तथा ऐक्यबद्धता जरुरी रहन्छ । हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा हो भन्ने अवधारणालाई व्यवहारमा उतार्दैं जलवायु समाधानलाई केवल जलपमा सीमित नगरी दिगो विकास र न्यायपूर्ण समाधानतर्फ बढ्नुपर्ने समय आएको छ ।

*–गोरखापत्र*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

# हडियाबाबा मेलामा भक्तजनको घुईंचो

नमस्ते समाचारदाता
नेपालगन्ज, मंसिर/०६



नेपालगन्ज उपमहानगरपालिका-६ फुल्टेक्रास्थित श्री १००८ हडियाबाबा आश्रममा सञ्चालन भैरहेको हडियाबाबा मेलामा भक्तजनको आकर्षण बढ्दै गएको छ । यतिबेला हडियाबाबा मन्दिर परिसर साधु सन्तले भरिएको छ । चिसो मौसमको बेवास्ता गर्दै साधु सन्त दिनरात हडियाबाबा मन्दिर परिसरको खुल्ला बगैँचामा रमाइरहेका छन् । हडियाबाबा मन्दिरमा यही मङ्सिर २ गतेदेखि सुरु भएको छ दिने हडियाबाबा धार्मिक मेलामा नेपाल र भारतका विभिन्न स्थानबाट ८ सयभन्दा बढी साधु तथा सन्तहरू उपस्थित भएको हडिया बाबा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नन्दलाल बैशले जानकारी गराए । अध्यक्ष बैश्यले भने, 'रातिको समयमा पनि साधु सन्तहरू मन्दिर परिसरमा आगो तापेर भजनकिर्तनमा रमाउने गर्नुहुन्छ, मेलामा प्रत्येक दिन उपस्थित साधु, सन्त तथा हडियाबाबाको मेलामा दैनिक उपस्थित हुने १५ सय बढी भक्तजनहरुलाई बिहानमा चिया, हलुवा, चना दिउँसोमा दाल, भात, तरकारी, रोटी र साँझमा पुरी तरकारीको भोजन खुवाइरहेका छौं ।' करिब २० का क्षेत्रफलमा फैलिएको श्री १००८ हडियाबाबा आश्रममा बाबाको समाधिसहित विभिन्न मन्दिर र गौशाला रहेको छ । चारैतिर पर्खालले घेरिएको मन्दिर परिसरभित्र पार्क छ । शान्त वातावरणमा रहेको हडियाबाबा आश्रम धार्मिक आस्थाको केन्द्र पनि हो । करिब एक सय वर्षअघि नेपालगन्जमा आएका बाबाले आफ्नो तपस्याको शक्तिबाट चाहेको बस्तु बनाउन सक्ने, भक्तजनहरूको इच्छा पूर्ति गर्नसक्ने जनश्रुति तथा विश्वास रही आएकाले बाँकेका साथै भारतका विभिन्न क्षेत्रबाट साधु, सन्त तथा हडियाबाबाका भक्तजनहरू प्रत्येक वर्ष मेलामा सहभागी हुने गरेको अध्यक्ष बैशले जानकारी गराए । मन्दिर परिसरमा हडियाबाबाको समाधि, आश्रम र मन्दिर सहित साधु सन्त बस्न मिल्ने संरचना तथा बगिया रहेको छ । सोही बगियामा हरेक वर्ष हडियाबाबाको वार्षिक पूण्यतिथिमा मेला लाग्ने प्रचलन रहेको छ । अध्यक्ष वैशका अनुसार मन्दिरमा आएर भाकल गर्नेहरूको मनोकामना पुरा हुने जनविश्वास रहिआएको छ । रामलीला धार्मिक नाटक समेत मञ्चन हुने मेलामा प्रत्येक दिन साँझपख स्थानीयवासीको समेत ठुलो संख्यामा उपस्थिति हुने गरेको छ । मेला अवधिभर प्रत्येक दिन साँझ हडियाबाबा मन्दिरमा दर्शन गर्न र प्रसाद ग्रहण गर्न नेपालगन्जका विभिन्न स्थानका साथै टाढा टाढाबाट समेत भक्तजनहरु आउने गरेको वैशले बताए । धार्मिक मेलाको अन्तिम दिन शुक्रबार आश्रममा आएका सबै साधु सन्तलाई भोजन गराएर कम्बल र दक्षिणा प्रदान गरेर पठाइने अध्यक्ष वैशले जानकारी गराएका छन् । बैश्यका अनुसार मेला अवधिभर करिब ४० हजार भक्तजनले मेलाको अवलोकन गर्ने अनुमान गरिएको छ ।

# लागू औषध ब्राउनसुगर सहित दुई जना पक्राउ

नमस्ते समाचारदाता
बर्दिया, मंसिर/०६



प्रहरीले खैरो धूलो जस्तो देखिने लागू औषध ब्राउनसुगर सहित दुई युवालाई पक्राउ गरेको छ । प्रहरीले भारतीय सीमा नाका लौकाही हुँदै बर्दियाको गुलरिया नगरपालिका-११ स्थित हुलाकी सडकको गणेशपुरमा आउँदै गरेका युवालाई शंका लागि चेकजाँच गर्दा ४ सय ४० मिलीग्राम ब्राउन सुगर फेला पारेको जनाएको छ । जिल्ला प्रहरी कार्यालय बर्दियाका सूचना अधिकारी एवं डीएसपी ऋषिराम घर्ती मगरका अनसार गुलरिया नगरपालिका-४ का ३० वर्षका अनिल गोडिया गुलरिया नपा-२ का ३३ वर्षीय विकास विक्रबाट उक्त पदार्थ फेला परेको हो । पक्राउ परेकाहरू माथि आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बर्दियाका प्रहरी निरीक्षक गोपाल न्यौपानेले जानकारी गराएका छन् ।

## भूमिआयोग...

सरकारले साविकको नौबस्ता गाविस हाल बैजनाथ गाउँपालिकाको उत्तरमा रत्न राजमार्ग, दक्षिणमा डिगिया डाँडा, पुर्वमा गाभर र पश्चिममा पितमारीको चार किल्लामा रहेको ५ सय २५ विघा सरकारी जग्गा मध्ये कुल ३ सय ३८ विघा जग्गालाई यसअघि औद्योगिक क्षेत्रको नाममा ल्याएको थियो । तर, उक्त जग्गालाई स्थानीय बासिन्दा, क्षेत्रीय कारागार, सशस्त्र प्रहरी क्याम्पले पनि उपयोग गरेपछि पुनः नक्सांकन गरेर औद्योगिक क्षेत्रको क्षेत्रफल घटाइएको हो । नौबस्ता औद्योगिक क्षेत्र संघिय सरकारले सुरु गर्न लागेको बहुवर्षीय आयोजना हो । २०७२ चैत १ गतेको मन्त्रिपरिषद बैठकबाट सरकारले बाँकेको नौवस्तामा लुम्बिनी प्रदेश स्तरिय औद्योगिक क्षेत्र स्थापना गर्ने घोषणा गरेको थियो । घोषणा पश्चात सरकारले २०७५ कात्तिक ७ गते औद्योगिक क्षेत्र परियोजना कार्यालय समेत स्थापना गरेको थियो । औद्योगिक क्षेत्रमा उत्पन्न विवाद लामो समयसम्म चलेका कारण निर्माण कार्य अगाडि बढ्न सकेन । औद्योगिक क्षेत्र निर्माण स्थलमा बसोबास गर्ने स्थानीयले बस्ती व्यवस्थापन गर्नुपर्ने माग गर्दै आएका थिए । औद्योगिक क्षेत्र निर्माण स्थलमा बस्ती व्यवस्थापनको मुद्दा हरेक निर्वाचनमा राजनीतिक दलका लागि प्रमुख एजेन्डा समेत बन्ने गरेको थियो । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड सञ्चालक समितिका अध्यक्ष बाबुराम पन्तले नौवस्ता औद्योगिक क्षेत्र निर्माणको काम अब चाडै अगाडि बढ्ने बताए । 'उत्पन्न भएका बिवादलाई समाधान गरेर यसैवर्षबाट निर्माणको काम अगाडि बढाउने तयारीमा छौं,' उनले भने । औद्योगिक क्षेत्रभित्र सडक, बिद्युत, पानी, आवास, प्रशासन, भन्सार, ईन्धन पम्प, दुषित पानी प्रशोधन प्लान्ट, हेभी ट्रक पार्किङ लगायतका पुर्वाधार निर्माण गर्ने औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले जनाएको छ । औद्योगिक क्षेत्रबाट २० हजार भन्दा बढी ब्यक्तिले रोजगारी पाउने अपेक्षा गरिएको छ ।

## तिला...

माछा पालन गर्ने एक सय ४१ पोखरी छन् भने गत आर्थिक वर्षमा एक सय ४४ दशमलव आठ सय ७१ मेट्रिक टन माछा उत्पादन भएको थियो । तुलसीपुर उपमहानगरपालिकामा ५८ कृषक व्यावसायिक माछापालनमा छन् । माछा पालन गर्ने एक सय १४ पोखरी छन् भने गत आर्थिक वर्षमा एक सय २५ दशमलव पाँच सय ७२ मेट्रिक टन माछा उत्पादन भएको थियो । गढवा गाउँपालिकामा १४ कृषक व्यावसायिक माछापालनमा छन् । माछा पालन गर्ने ४४ पोखरी छन् भने गत आर्थिक वर्षमा ७२ दशमलव चार सय ७८ मेट्रिक टन माछा उत्पादन भएको थियो । राप्ती गाउँपालिकामा ४९ कृषक व्यावसायिक माछापालनमा छन् । माछा पालन गर्ने एक सय ७३ पोखरी छन भने गत आर्थिक वर्षमा ४० दशमलव दुई सय ७१ मेट्रिक टन माछा उत्पादन भएको थियो । त्यसैगरी दंगीशरण गाउँपालिकामा १५ कृषक व्यावसायिक माछापालनमा छन् । माछा पालन गर्ने ५० पोखरी छन् भने गत आर्थिक वर्षमा २८ दशमलव दुई सय ९४ मेट्रिक टन माछा उत्पादन भएको थियो । शान्तिनगर गाउँपालिकामा २१ कृषक व्यावसायिक माछापालनमा छन् । माछा पालन गर्ने २९ पोखरी छन् भने गत आर्थिक वर्षमा १७ दशमलव सात सय ८२ मेट्रिक टन माछा उत्पादन भएको थियो । बबई गाउँपालिकामा ११ कृषक व्यावसायिक माछापालनमा छन् । माछा पालन गर्ने १८ पोखरी छन् भने गत आर्थिक वर्षमा चार दशमलव नौ सय ६८ मेट्रिक टन माछा उत्पादन भएको थियो । राजपुर गाउँपालिकामा छजना कृषक व्यावसायिक माछा पालनमा छन् । माछा पालन गर्ने नौवटा पोखरी छन् भने गत आर्थिक वर्षमा सात दशमलव चार सय २६ मेट्रिक टन माछा उत्पादन भएको थियो । बंगलाचुली गाउँपालिकामा तीन कृषक व्यावसायिक माछापालनमा छन् । माछा पालन गर्ने सात पोखरी छन् भने गत आर्थिक वर्षमा दुई दशमलव सात सय १९ मेट्रिक टन माछा उत्पादन भएको थियो ।

# पुस्तौं देखि भारतको भरमा बाँचेको सूदुरपश्चिमको दलित बस्ती

नमस्ते समाचारदाता
बाजुरा, मंसिर/०६



बाजुराको बुढीगङ्गा नगरपालिका-१०, बदेडाको दलित बस्तीका परिवारलाई पुस्तौँदेखि अहिलेसम्म भारतकै भरमा बाँच्नु पर्ने बाध्यता छदैछ । गाउँमा काम गरेर जीवन चलाउने कुनै केही व्यवस्था नभएपछि यो बस्तीका दलित परिवारले पुस्तौँदेखि अहिलेसम्म भारतकै रोजगारीको भरमा बाँच्नु परेको हो । गाउँमा गरी खाने केही उपाय नभएपछि अहिले भारतमा रोजगारी गरेर छोराछोरी पाल्ने गरेको बुढीगङ्गा नगरपालिका-१० का स्थानीय रूप बहादुर सार्कीले बताए । उनले भने, 'गाउँमा खेती लगाउँ भने केही जमिन त छ तर त्यो जमिनमा सिँचाइको सुविधा नहुँदा सधैं बाँझो राख्नु पर्छ ।' पहिला हजुरबुवा र बुवाले पनि यसरी नै भारतमा गएर ज्याला मजदुरी गरेर हामीलाई हुर्काउनुभयो । अहिले हामीले पनि त्यही गरेर आफ्ना छोराछोरी पाल्नु परेको सार्कीले बताउछन् । बुढीगङ्गा नगरपालिका-१० को बदेडा बस्तीमा झन्डै ५० भन्दा बढी दलित परिवार छन् । यहाँ यो बस्तीमा चालिस परिवार सार्की, १३ परिवार विक र दुई परिवार नेपाली बसोबास गर्दै आएका छन् । अहिले यो बस्तीका झन्डै १५० जना युवा भारतका विभिन्न ठाउँमा रोजगारी गर्दै आएका छन् । उनीहरू दसैँतिहारको बेला गाउँ फर्किने र त्यसपछि रोजगारीका लागि फेरि भारतमै जाने गरेको सार्कीले बताउछन् । यो दलित बस्तीमा दुई/तीन जना भारतमा नभएको कुनै घर बाँकी छैन । दसैँतिहार उता असारमा खेती लगाउने बेला केही युवा गाउँमा देखिए पनि त्यसपछि भने गाउँमा कोही युवा भेटिँदैनन् । 'मेरो श्रीमानको हातमा सिप छ । तर त्यो सिप अनुसारको गाउँमा केही काम नमिलेपछि उहाँले उतै बस्नु परेको हो ।' दसैँतिहारका बेला घरमा आउनुहुन्छ । त्यसपछि उहाँले सँधै भारतमा गएर परिवार पाल्नु परेको छ, दली सार्कीले भनिन् । यहाँका दलितको आर्थिक अवस्था निकै कमजोर भएका कारण उनीहरूका छोराछोरीले उच्च शिक्षा पढ्न समेत सकेका छैनन् । यो बस्तीका बालबालिकाले १ कक्षादेखि १० सम्म पढ्ने र त्यसपछि उनीहरू पनि कामको खोजीमा अभिभावकसँगै भारतका विभिन्न ठाउँमा जाने गर्छन् । यो बस्तीमा अहिलेसम्म एक जना पनि कुनै सरकारी सेवामा कार्यरत छैनन् । यहाँका अधिकांश युवा अहिले भारतका विभिन्न होटेलमा काम गरिरहेका छन् । उनीहरूले त्यहाँबाट पठाएको पैसाले गाउँमा परिवारले बिहान बेलुकीको छाक टार्दै आएको सार्कीले बताए ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईंहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस्:
आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
शाखा कार्यालयहरु

नेपालीहरुको महान पर्व विजया दशमी शुभ दिपावली तथा छठ पर्व २०८१ सालको पावन अवसरमा सम्पूर्ण गाउँपालिका बासी कर्मचारी, बुद्धिजिवि, राजनितिकर्मी, पेशा व्यावसायकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण देशबासीहरुमा सुख, शान्तीका साथै उत्तरोत्तर प्रगतिका लागी हार्दीक शुभकामना व्यक्त गर्दछौं ।
सिमकोट गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला, कर्णाली प्रदेश, नेपाल

# असार महिना अघिनै विकासका काम सक्न निर्देशन

■ नमस्ते समचारदाता
देउखुरी, मंसिर/०६



लुम्बिनी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले चालु आर्थिक वर्षमा विनियोजन भएका योजनाको काम आगामी असार महिना अघि नै सम्पन्न गरिसक्न सरोकारवालाहरुलाई निर्देशन दिएको छ । प्रदेशको सडक सञ्जाल गुरुयोजना निर्माणको कामलाई अन्तिमतिर पुऱ्याएका ले कार्यान्वयनलाई तीब्रता दिन निर्देशन गरिएको हो । चालु आर्थिक वर्षमा विनियोजन भएका सबै आयोजनाको काम जेठ महिनाभित्र सम्पन्न गर्नेगरी कार्यसम्पादनको काम अघि बढेको हो । असारे विकासलाई निरुत्साहित गर्न जेठ महिनाभित्र सबै निर्माणको काम सम्पन्न गर्ने लक्ष्य रहेको भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले बताएका हुन । मन्त्रालयमा चौमासिक समीक्षा कार्यक्रमको आयोजना गर्दै मन्त्री ढकालले योजना कार्यान्वयनलाई तीब्रता दिन निर्देशन दिए । 'असारे विकासको प्रवृत्ति रोक्न यसपालि कडाइका साथ कार्यसम्पादनको कामलाई अघि बढाइएको छ' मन्त्री ढकालले भने । 'कार्ययोजना निर्माण गरेर कामलाई गति दिइएको छ भने गुणस्तरीयताको बारेमा आयोजनाको अनुगमनलाई पनि तीब्र पारेका छौं ।' भौतिक पूर्वाधार विकास मन्त्रालयले कार्यान्वयन गर्ने चालु आर्थिक वर्षमा दुई हजार एक सय २० योजना छन् । जसमध्ये बहुवर्षीय आयोजनाको रुपमा ८४ वटा आयोजना प्रस्तावित छन् । यो चार महिनाको अवधिमा ३८ वटा आयोजना सम्पन्न भइसकेका छन् भने कार्यान्वयनको चरणमा सात सय ७९ वटा आयोजना रहेको मन्त्रालयलका सचिव भीमार्जुन पाण्डेले जानकारी दिए । 'यो चार महिनाको अवधिमा योजनाहरु ठेक्का लगाउन चाहिने कार्यविधिहरु निर्माण गऱ्यौं । ठेक्का पनि लगायौं । कार्यान्वयनको गति बढेको छ'-सचिव पाण्डेले भने । 'सबै हिसावले कार्यसम्पादनलाई उत्कृष्ट बनाउनेगरी काम अघि बढेको छ ।' नौ सय दुई आयोजना खरिद प्रक्रियामा रहेका छन् । जम्मा आयोजनामध्ये दुई सय ८९ वटा आयोजना अब कार्यान्वयनमा लैजाने अन्तिम तयारी छ । कार्यान्वयनको चरणमा रहेका आयोजनामध्ये यस अवधिमा २० किलोमिटर सडक कालोपत्रे गरिएको छ । दश किलोमिटर सडक कालोपत्रेको काम अन्तिम चरणमा रहेको छ । ६ किलोमिटर सडक नयाँ ट्याक खोलिएको छ । २४ किलोमिटर सडक विस्तार गरिएको छ । ६ किलोमिटर सडक ग्राभेल गरिएको छ । ढलान गरेको चार सय मिटर पक्की सडक निर्माण भएको छ । कल्भर्ट तथा साना पुल पुलेसा ३० वटा सम्पन्न भएको वार्षिक समीक्षामा उल्लेख गरिएको छ । पक्की नाला १३ किलोमिटर निर्माण गरिएको छ । एक हजार नौ सय घनमिटर तारजालीसहितको टेवा पर्खाल निर्माण गरिएको छ । पक्की मेसिनरी टेवा पर्खाल दुई हजार चार सय घन मिटर निर्माण गरिएको छ । यो अवधिमा आठवटा सडक पुल र दुईवटा झोलुंगे पुल निर्माण सम्पन्न भएका छन् । मन्त्रालयले चार महिनाको अवधिमा पूँजीगत खर्च ६ दशमलव ८ प्रतिशत पुऱ्याएको जनाएको छ । अब पूँजीगत खर्चको दर ह्वात्तै बढ्ने मन्त्रालयको भनाइ छ ।

लुम्बिनी प्रदेश सरकारले प्रादेशिक सडक सञ्जाल गुरुयोजना निर्माणको कामलाई अन्तिम चरणमा पुऱ्याएको छ । अब मन्त्रिपरिषद् बैठकबाट निर्णय गरेर कार्यान्वयनमा लग्न बाँकी रहेको भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले जानकारी गराए । प्रादेशिक सडक गुरुयोजना नबन्दा सडक निर्माण गर्न बजेट छरिने र त्यसले उपलब्धि दिन नसक्ने भएपछि प्रदेश सरकारले गुरुयोजना निर्माणको कामलाई अन्तिम चरणमा पुऱ्याएको मन्त्री ढकालको भनाइ छ । लुम्बिनी प्रदेश सरकारले २०७७ सालमा सडक निर्माण, मर्मत सम्भार तथा विस्तार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ल्याएको थियो । यो ऐनलाई कार्यान्वयन गर्नेगरी प्रदेश सरकारले अहिले प्रादेशिक सडक गुरुयोजना निर्माणको काम अघि बढाएको हो ।

# एउटै वडाबाट तीन करोडको सिमी फलाए



■ नमस्ते समचारदाता
जुम्ला, मंसिर/०६

जुम्लाको तिला गाउँपालिका-१ स्थित रारा गाउँमा यस वर्ष रु. ३ करोड बराबरको सिमी उत्पादन भएको छ । गत वर्षभन्दा यो वर्ष सिमी उत्पादन ८० प्रतिशतले बढेको हो । यहाँका ८ वटा स्थानीय तहमध्ये सबैभन्दा बढी सिमी उत्पादनको केन्द्रका रूपमा चिनिने गरेको रारागाउँ वडा नं १ का वडाध्यक्ष जङ्गबहादुर बस्नेतले जानकारी दिए । विगतमा ८ क्विन्टलभन्दा बढी उत्पादन नहुने गरेकामा यस वर्ष बढी खेती गर्नेले १५ क्विन्टल र कम खेती गर्नेले ४ क्विन्टलसम्म सिमी उत्पादन गरेका छन् । उनका अनुसार गत वर्षको तुलनामा यस वर्ष करिब ८० प्रतिशतले उत्पादन वृद्धि भएको हो । वडाध्यक्ष बस्नेतले गाउँमा सिँचाइको सुविधा पुऱ्याउन चालु आर्थिक वर्षमा वडा कार्यालयले रु. ३० लाख बजेट विनियोजन गरेको जानकारी गराए । यसअघि सिँचाइको सुविधा नहुँदा यहाँका किसानलाई आकासे पानीको भर पर्नुपरेको थियो । गाउँमा पानी पुऱ्याउन स्थानीय सरकारले निरन्तर योजना बनाएर कार्यान्वयन गरिरहेको उनको भनाइ छ । सिमी बढी उत्पादन हुने वडा नं १ मा दुई सय ९० परिवार छन् । अहिले गाउँमा पुगेर व्यापारीले प्रतिकेजी रु. दुई सयका दरले सिमी खरिद गर्ने गरेका राराका स्थानीय नर रावतले बताए । वडालाई सिमी उत्पादनको पकेट क्षेत्रसमेत मानिएको छ । सिमी लगाउने र फल्ने मौसममा वर्षा हुनुका साथै सहज सिँचाइ सुविधा भएपछि उत्पादनमा वृद्धि भएको उनको भनाइ छ । गाउँका किसानलाई लक्षित गरेर 'एक गाउँ एक उत्पादन'को रणनीति ल्याएर स्थानीय तहले काम गरिरहेको छ । गाउँबाट सबैभन्दा बढी सिमी उत्पादन गर्ने किसानलाई प्रोत्साहन गरिने तिला गाउँपालिका उपाध्यक्ष गोरीकला बुढाले बताइन् । उक्त वडाको मुख्य आम्दानी सिमी र स्याउ हो । अब सिमी र स्याउ खेतीलाई थप प्रवर्द्धन गर्न गाउँपालिकाको तर्फबाट यहाँका किसानलाई अनुदान उपलब्ध गराइने बुढाले जानकारी गराएकी हुन् । सिमीको पकेट क्षेत्र भनेर प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ जुम्लाले तिला-१ रारालाई सिमी जोन कार्यक्रम लागु गरेको छ । उक्त पालिको वडा नं १ सहित २, ८ र ९ वडाको ८ सय क्षेत्रफल हेक्टरमा सिमीको व्यावसायिक उत्पादन तथा प्रशोधन केन्द्रको विकास गर्न सिमी जोन कार्यक्रम सञ्चालन गरिएको जिल्लास्थित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइका प्रमुख खेमराज शाहीले जानकारी गराए ।

# कर्णालीमा सञ्चार विधेयकबारे छलफल प्रारम्भ

■ नमस्ते समचारदाता
सुर्खेत, मंसिर/०६




कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयले 'आमसञ्चार विधेयकको मस्यौदा'माथि यहाँका पत्रकारसँग छलफल गरेको छ । मन्त्रालयले बुधबार सुर्खेतको वीरेन्द्रनगरमा कर्णालीका पत्रकारको सहभागितामा 'आमसञ्चार विधेयकको मस्यौदा माथि छलफल तथा अन्तरक्रिया कार्यक्रम' गरेको हो । छलफलका क्रममा पत्रकारहरुले आमसञ्चार सम्बन्धी कानून निर्माण गर्दा मूलतः सूचना तथा प्रसारण, प्रेस काउन्सिल, न्यूनतम पारिश्रमिक निर्धारण समिति, विज्ञापनबोर्ड लगायतका संरचना अट्ने गरी सञ्चार विधेयक ल्याउनुपर्ने सुझाव दिएका छन् । ऐन अन्तर्गत सिङ्गो प्रेस तथा सञ्चार क्षेत्रको नियमन, अनुगमन, सुपरीवेक्षण तथा व्यवस्थापन हुने संरचना निर्माण गर्नुपर्ने, दुर्गम तथा साना लगानीका मिडियाको प्रवर्द्धन, विधागत पत्रकारिताको विकास र पुरस्कार वितरण, सञ्चारगृह तथा सञ्चारकर्मीको उपकरणको जोखिम बीमा, पत्रकार स्वास्थ्य बीमा, आमसञ्चार तथा पत्रकारिता छात्रवृति, पत्रकार कल्याण कोष, लोक कल्याणकारी विज्ञापन, एआईसँग सम्बन्धित क्षमता अभिवृद्धि तालिम लगायतका विषय विधेयकमा समेटिनुपर्ने पत्रकारहरुले सुझाव दिएका छन् । छलफलका क्रममा मन्त्रालयका निमित्त सचिव उत्तम गौतमले सञ्चारकर्मीबाट प्राप्त सुझावलाई विधेयकमा समेटिने र चालु आर्थिक वर्षको बजेटबाट यहाँका पत्रकारहरुको क्षमता अभिवृद्धिका लागि एआई (कृत्रिम बौद्धिकता) सँग आधारित मल्टिमिडिया सम्बन्धी तालिम प्रदान गरिने बताए ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घघाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट



बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके